# आधारभूत स्वास्थ्य सेवा २०७५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग,
उपचारात्मक सेवा महाशाखा

आधारभूत स्वास्थ्य सेवा २०७५

सूची


१. पृष्ठभूमि ....4

२. नेपालमा स्वास्थ्य सेवा ....4

३. आधारभूत स्वास्थ्य सेवा प्याकेजको अवधारणा तथा विकास ....7

३.१ आधारभूत स्वास्थ्य सेवाको परिभाषा तथा परिचय ....7

३.१.१ आधारभूत स्वास्थ्य सेवाको परिभाषा ....7

३.१.२. आधारभूत स्वास्थ्य सेवा र निशुल्क स्वास्थ्य सेवा ....7

३.१.३. आधारभूत स्वास्थ्य सेवा र सामाजिक स्वास्थ्य सेवा ....7

३.१.४ आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच (Universal Health Coverage)....7

३.१.५ आधारभूत स्वास्थ्य सेवा तथा दिगो विकास लक्ष्य (sustainable development goals) ....8

३.२ आधारभूत स्वास्थ्य सेवा प्याकेजको औचित्य ....8

३.३ आधारभूत स्वास्थ्य सेवाबाट अपेक्षित प्रतिफलहरु ....9

३.४ आधारभूत स्वास्थ्य सेवा प्याकेजमा सेवाहरु समावेशका मुख्य आधारहरु ....9

३.५ आधारभूत स्वास्थ्य सेवा विकास गर्दा गरिएका केहि अनुमानहरु वा मान्यताहरु (Assumptions) ....11

३.६ आधारभूत स्वास्थ्य सेवा बिकास प्रक्रिया....12

४. आधारभुत स्वास्थ्य सेवा प्याकेजले समेटेका विषयक्षेत्र....13

४.१ आधारभूत स्वास्थ्य सेवा प्याकेजमा समावेश गरिएका विषयक्षेत्र....13

४.२ आधारभूत स्वास्थ्य सेवा प्याकेजमा नसमेटिएका तर निशुल्क उपलब्ध गराइदै आएका मुख्य- मुख्य सेवाहरु....14

५. आधारभुत स्वास्थ्य सेवा प्याकेज : वित्तिय व्यवस्थापन, कार्यान्यिन तथा सुपरिवेक्षण ....16

५ .१ वित्तिय व्यवस्थापन ....17

५.२ आधारभूत स्वास्थ्य सेवा प्याकेज कार्यान्वयन....18

५.४ आधारभुत स्वास्थ्य सेवा प्याकेज : मानव संशाधन, औषधि तथा उपकरण....33

५.५ आधारभूत स्वास्थ्य सेवा तथा प्रेषण ....34

५.६ सुपरिवेक्षण, मुल्यांकन तथा संशोधन ....36

६. सन्दर्भ सामग्री....37

अनुसूची....39

अनुसूची १ : कार्यतालिका ....40

अनुसूची २. आधारभूत स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न चाहिने निदानात्मक जाँचहरु ....42

अनुसूची ३. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न चाहिने औषधिहरु....43

अनुसूची ४. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न चाहिने खोपहरु....46

## १. पृष्ठभूमि

हरेक राजनैतिक परिवर्तन सँगै स्वास्थ्य क्षेत्रमा समेत परिवर्तन हुदै आएको छ । वि.स २०४६ सालको जनआन्दोलन पश्चात बनेको राष्ट्रिय स्वास्थ्य नीति २०४७ लागु भैसकेपछि सामुदायिक स्तरसम्म सेवा विस्तारका लागि  स्वास्थ्य संरचनामा परिवर्तन भएको थियो । बि. सं. २०६३ को जन-आन्दोलन पश्चातको राजनैतिक परिवर्तनसंगै  स्वास्थ्य चेतनामा भएको अभिवृद्धि पछि स्वास्थ्य क्षेत्रलाई पनि महत्वपूर्ण स्थान दिएको देखिन्छ।नेपालको अन्तरिम संविधान २०६३ को धारा १६ को उपधारा २ ले स्वास्थ्यलाई नागरिकको आधारभूत अधिकारको रूपमा उल्लेख गरेको र सोही परिवेशमा  नेपालमा निशुल्क स्वास्थ्य सेवाको अवधारणा बिकसित भै कार्यन्वयनमा रहेको छ । आन्तरिम संविधानको मर्मलाई आत्मसात गर्दै बर्तमान  संबिधानले स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । संबिधानको भाग ३ को धारा ३५ मा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ 'भनी उल्लेख भएको छ । यसै संविधानको भाग ५ धारा ५७(४) अनुसार अनुसूचि ८ बमोजिमको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानिय तहलाई एकल अधिकार प्रदान गरिएको छ। संघको एकल अधिकार सूची अनुसुची ५ अनुसार स्वास्थ्य मापदंड, गुणस्तर तथा नीति निर्माण गर्ने दायित्व अन्तर्गत संघले आधारभूत स्वास्थ्य सेवाको ब्याख्या एवं विस्तृतीकरण गर्न आवश्यक देखिन्छ । संविधानको मर्म अनुरूपको आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक स्रोत पनि संघिय सरकारले नै स्थानिय सरकारलाई उपलब्ध गराउनु पर्ने परिवेशमा पनि आधारभूत सेवाहरूको सुची, सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा जाँच पडताल सेवाको सुची र सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाको तह समेत ब्याख्या हुन अपरिहार्य देखिन्छ ।  यसै परिप्रेक्षमा संबैधानिक प्रावधानहरुको आधारमा रही २०७२ देखि नै आधारभूत स्वास्थ्य को ब्याख्या एवम् बिस्तृतीकरणको विधिवत सुरुवात भएको पाइन्छ ।राष्ट्रि्य स्वास्थ्य नीति २०७१ ले नागरिकको मौलिक अधिकारको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने उद्देश्य लिएको छ, त्यस्तै गरि , नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२ -२०७७ मा आधारभुत स्वास्थय सेवाको परिभाषा एवं सेवाको सूची समेत तयार पारेको देखिन्छ । संविधान जारी भैसकेपछि तत्कालिन प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाले परिवर्तित सन्दर्भको परिप्रेक्षमा आधारभूत  स्वास्थ्य सेवाको सूचीमा थप परिमार्जन गरि मस्यौदा  तयार गरेको थियो । यी दस्तावेजहरूको आधारमा विभिन्न तहमा विज्ञहरूबाट विवेचना एवं स्थानिय तहका प्रतिनिधीहरूसँग समेत छलफल अन्तरक्रिया गरि आधारभूत स्वास्थ्य सेवा प्याकेजको यो अन्तिम मस्यौदा तयार गरिएको थियो।

मिति २०७५ साल आस्विन २ गते बाट जनस्वास्थ्य सेवा ऐन लागु भएकोले सो को  भावना र प्रावधानको कार्यन्वयनको लागि यो आधारभूत स्वास्थ्य सेवा २०७५ तयार गरिएको छ। यो आधारभूत स्वास्थ्य सेवा

२०७५ ले स्थानीय सरकार सन्चालन ऐन २०७५ को स्वास्थ्य सम्बन्धी व्यवस्थाहरुलाई कार्यान्यनमा ल्याउन समेत सहजीकरण गर्नेछ।

## २ नेपालमा स्वास्थ्य सेवा

बिगत केही दशकयता नेपालले आफ्नो स्वास्थ्य स्थितिमा धेरै सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ विशेषगरी मातृशिशु तथा सरुवा रोग नियन्त्रणमा नेपालले ठुलो फड्को मारिसकेको छ। तर अर्कोतिर जीवनशैलीसित आएका परिवर्तन संगसंगै नसर्ने रोग, दुर्घटना तथा मानसिक रोगमा व्यापक वृद्धि भएको पनि देखिएको छ। केन्द्रीय तथ्यांक बिभागका अनुसार २०१६ मा नेपालको कूल जनसंख्या २,८४,३१,४९४ रहेको छ भने जनसंख्या वृद्धि दर १.२४% रहेको छ, जुन अहिले घट्दो स्थितिमा रहेको छ नेपालको कोरा जन्मदर १९.९/१००० जनसंख्या तथा कोरा मृत्युदर ५.७/१००० जनसंख्या रहेको छ। नेपालको औसत आयु ७०.७ वर्ष तथा साक्षरता ६३.९% छ। स्वास्थ्य सेवा विभागको आर्थिक बर्ष २०७३/२०७४ को बार्षिक प्रतिवेदन अनुसार नेपालमा बहिरंग सेवाको उपभोग अन्तर्गत प्रमुख १० स्वास्थ्य समस्याहरुमा माथिल्लो श्वासप्रश्वास संक्रमण, ग्यास्ट्रिक, टाउको दुख्ने समस्या, तल्लो श्वासनलीको समस्या, लडेको/चोटपटक लागेको /हाड भाँचिएको, पखाला, आन्द्रामा जुका पर्नु, लुतो, म्यादी ज्वरो (Typhoid), तथा ढुसी/फंगल संक्रमण रहेका छन् ।

त्यस्तै, नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण प्रतिवेदन २०१६ अनुसार प्रति १००० जन्ममा नवजात मृत्युदर २१ र १ बर्ष मुनिका बालबालिकाको मृत्युदर ३२ छ। परिवार नियोजनका साधनको प्रयोग दर ५३ प्रतिशत रहेता पनि परिवार नियोजनको अपरिपुर्त माग २४ प्रतिशत रहेको छ । सुरक्षित मातृत्व अन्तर्गत ८४ प्रतिशत महिलाहरुले दक्ष स्वास्थ्य कर्मीबाट गर्भवती जाँच सेवा लिइरहेता पनि केवल ५७ प्रतिशतले मात्र स्वास्थ्य संस्थामा सुत्केरी गराउने गरेका छन् । साथै २ वर्ष मुनिका बालबालिका हरुमा पूर्ण खोपको कभरेज ७८ प्रतिशत रहेको पाइएको छ । यी उल्लेखित सूचकांकहरु आर्थिक अवस्था, शैक्षिक अवस्था अनुरूप प्रदेशगत भिन्न रहेको छ । नसर्ने रोग तथा त्यसका कारक तत्वहरुलाई हेर्ने हो भने नेपाल स्टेप्स सर्वेक्षण २०१२-१३ अनुसार करीब एक चौथाई नेपाली व्यस्कलाई उच्च रक्तचाप छ भने झन्डै ४ प्रतिशतलाई मधुमेह छ । तसर्थ, माथि उल्लेखित प्रमुख स्वास्थ्य समस्या र स्वास्थ्य सेवाको उपभोगलाई ध्यानमा राखी नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवाको दायरा तोक्नु आवश्यक छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रत्येक तहका स्वास्थ्य संस्थाहरुको माध्यमबाट एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथी, युनानी, आम्ची समेतका चिकित्सा पद्धती अनुरूप विभिन्न प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवा प्रदान गर्दै आएको छ। स्वास्थ्य पुर्वाधार विकास बिकास योजना २०७४ (Health Infrastructure Development Plan) अनुसार नेपाल सरकारले तपशीलको स्वास्थ्य सेवाका तहगत संरचनामार्फत सेवा प्रदान गर्ने निर्णय गरेको छ (चित्र १)। स्वास्थ्य सेवाको प्रवाह संबैधानिक व्यवस्थाको अधिनमा रही स्थानीय, प्रदेश र सङ्घीय तीनै तहबाट हुनेछ। सोका लागि स्वास्थ्य सेवा प्रवाह गर्न चाहिने स्वास्थ्य संस्था र नियामक निकायहरुको पुनःसंरचना कार्य अघि बढेको सन्दर्भ लाइ समेत आधारभुत स्वास्थ्य सेवा प्याकेज विकासमा आत्मसात गर्नु आवश्यक छ।




चित्र १ : प्रस्तावित स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरु

नेपाल सरकारले स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक बजेट विभिन्न आन्तरिक एवं वाह्रय श्रोतबाट जुटाउने गर्छ । कुल ग्राहस्थ उत्पादनको अनुपातमा स्वास्थ्य क्षेत्रमा सरकारको लगानी तुलनात्मक रूपमा २०१३/१४ बाट २०१६/१७ मा आउँदा विस्तारै बढेर १.८ प्रतिशत पुगेता पनि स्वास्थ्यमा सर्वब्यापी पहुँचको लक्ष्य हासिल गर्न न्युनतम रूपमा पनि यसलाइ ५ प्रतिशत पुर्याउन पर्ने तथ्य प्रकाशमा आएको छ। स्वास्थ्य क्षेत्रको बजेट विगत ३ वर्षको अवधिमा ३३.९ अरब बाट ५६.५ अरबमा बृद्धि भएता पनि कुल राष्ट्रिय बजेटको अनुपातमा तात्विक बृद्धि भएको देखिदैन । स्वास्थ्य क्षेत्रमा सरकारी लगानीका अलावा निजि क्षेत्रबाट समेत यथेष्ट लगानि भइरहेता पनि सन् २०१२ को राष्ट्रिय हेल्थ एकाउन्ट सर्वेक्षण अनुसार कुल स्वास्थ्य सेवाको खर्चको ५६.३ प्रतिशत जनताले आफ्नै गोजीबाट (out of pocket expenditure) बेहोर्ने गरेको पाइयो । यस परिप्रेक्षमा सविंधानको राज्यका नीतिहरू अन्तरगर्त धारा ५१ को ज ८ मा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै लान आवश्यक रहेको कुरा स्पष्ट उल्लेख गरिएको छ ।

## ३ आधारभूत स्वास्थ्य सेवा प्याकेजको अवधारणा तथा विकास

### ३ १.आधारभूत स्वास्थ्य सेवाको परिभाषा तथा परिचय

### ३ १.१.आधारभूत स्वास्थ्य सेवाको परिभाषा

"आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्नात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवा सम्झनु पर्छ ।

### ३.१.२. आधारभूत स्वास्थ्य सेवा र निशुल्क स्वास्थ्य सेवा

सबै आधारभूत स्वास्थ्य सेवा निशुल्क हुन्छन्, तर सबै निशुल्क स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवा भित्रै पर्नु पर्छ भन्ने होइन। अन्य आवश्यक स्वास्थ्य सेवाहरू संघिय, प्रादेशिक वा स्थानिय कार्यक्रम मार्फत पनि नागरिकहरूलाई निशुल्क दिइनेछ। आधारभूत स्वास्थ्य सेवा सुनिश्चितता सशर्त अनुदानबाट गरिनेछ भने आवश्यकता अनुसारका अन्य स्वास्थ्य कार्यक्रमहरु समानीकरण, विशेष वा समपुरक अनुदानबाट संचालन गरिनेछ।

### ३.३.१. आधारभूत स्वास्थ्य सेवा र सामाजिक स्वास्थ्य सेवा

नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२— २०७७ का अनुसार आधारभूत स्वास्थ्य सेवा वाहेकका अन्य स्वास्थ्य सेवाहरू सहुलियत पुर्ण दरमा आम नागरिकको समतामूलक पहुँच सुनिश्चित हुने गरि उपयुक्त समाजिक स्वास्थ्य सुरक्षा संयन्त्र मार्फत प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने र स्वास्थ्य विमा कार्यक्रमलाइ सामाजिक सुरक्षा योजनाका रूपमा विस्तार गरिने ध्येय राखे अनुरूप क्रमश देशभर विस्तार गरिदै लगिएको छ । तसर्थ आधारभूत स्वास्थ्य सेवामा नसमेटिएका सेवाहरु स्वास्थ्य बीमा वा अन्य स्वास्थ्य कार्यक्रमहरूबाट उपलब्ध हुनेछ।

### ३ ४.१.आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच (Universal Health Coverage)

स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच तर्फको मार्गचित्रमा अघि बढ्दा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय आधारभूत सेवाको एवं अन्य संघिय, प्रादेशिक एवं स्थानिय स्वास्थ्य कार्यक्रम मार्फत सेवाको विस्तार , जनसङ्ख्यामा पहुँच एवम् उपभोगमा विस्तार र स्वास्थ्य सेवा उपभोग गर्दा आमनागरिकले बेहोर्नु पर्ने जोखिमलाई कम गर्ने जस्ता पक्षहरू प्रति प्रतिबद्ध रहने छ । यसका लागि सरकार ले सम्पूर्ण नागरिकहरूका लागि आधारभूत स्वास्थ्य सेवा जँहा पनि जहिले पनि को सिद्दान्त अनुसरण गर्दै निशुल्क उपलब्ध गराउने र सो बाहेकका अन्य स्वास्थ्य सेवाहरू आम नागरिकको आम्दानीले धान्न सक्ने मूल्यमा सामाजिक स्वास्थ्य सुरक्षा संयन्त्र मार्फत उपलब्ध गराउने छ । यस अर्थमा आधारभूत स्वास्थ्य सेवाको उपलब्धता तथा उपयोग सर्वब्यापी पँहुच तर्फको गन्तब्यका लागि एक विशेष कडी रहनेछ (चित्र २)।




चित्र २ : स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच

### ३ ५.१.आधारभूत स्वास्थ्य सेवा तथा दिगो विकास लक्ष्य (Sustainable development goals)

दिगो विकास लक्ष्य एउटा साहसिक विश्वब्यापी सम्झौता हो जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबी को उन्मुलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ। १७ वटा दिगो विकास लक्ष्य मध्ये तेश्रो लक्ष्य (SDG 3) 'सु-स्वास्थ्य तथा समृद्ध जीवन' ले सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने अठोट गरेको छ। यस अन्तर्गत रहेको लक्ष्य ३.८ ले 'वित्तीय जोखिम सुरक्षा कायम गर्दै, गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवा र सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मुल्यमा अत्यावश्यक औषधि तथा खोपहरुको उपलब्धता बढाउंदै स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच (universal health coverage) हासिल गर्ने ' उद्देश्य लिएको छ। यसका लागि आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता पुर्वसर्त का रूपमा रहनेछ र यसको विस्तार एवं उपभोग बाट दिगो विकास लक्ष्य हासिल गर्न विशेष योगदान रहनेछ।

### ३ २.आधारभूत स्वास्थ्य सेवा प्याकेजको औचित्य

संविधानले आधारभूत स्वास्थ्य सेवा आम नागरिकको मौलिक हकका रूपमा निशुल्क उपलब्ध गराउन संघ, प्रदेश तथा स्थानिय सरकारलाई तदनुरूप अधिकार एवं जिम्मेवारि प्रदान गरेको सन्दर्भमा आधारभूत स्वास्थ्य सेवाको

परिभाषा गर्नुका साथै आम नागरिक कुन कुन सेवा, कँहा बाट, कसरी प्राप्त गर्ने एवं सेवा प्रदायकले कुन कुन सेवाहरू कसरी प्रवाह् गर्ने र विभिन्न तह्का सरकार हरूले यसका लागि के कती श्रोत विनियोजन तथा ब्यवस्थापिकीय प्रबन्ध मिलाउने भन्ने बारे स्पष्ट जानकारी हुनु वर्तमान आवश्यकता हो । यसै परिप्रेक्षमा निम्न उल्लेखित विभिन्न कारणले गर्दा आधारभूत स्वास्थ्य सेवालाई प्याकेजको रुपमा प्रस्तुत गरिएको हो ।

१ संबिधानले सुनिश्चित गरेको आधारभूत स्वास्थ्य सेवाको अवधारणालाई वास्तविक तथा ब्यावहारिक रुपमा कार्यान्वयन गर्न र जनतालाई त्यसको प्रत्याभूति दिन ।

२ आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक लगानी तथा अन्य श्रोत-साधनको सम्बन्धित निकाय/ सरकारले सुनिश्चित गर्न ।

३ सेवा प्रदान गर्ने निकायहरुलाई कुन कुन स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवाको रूपमा सुनिश्चित गर्नु पर्ने हो भन्ने बारे जानकारी प्रदान गरि सो को ब्यवस्थापकीय प्रबन्ध गर्न सहजिकरण गर्न ।

४ सेवाग्राहीहरुलाई आफुले कुन कुन स्वास्थ्य सेवा मौलिक हकको रुपमा कँहा बाट र कसरी उपलब्ध हुन्छ भन्ने कुराको स्पष्ट रुपमा जानकारी प्रदान गरि सेवाको पँहुच एवं उपभोगलाई प्रवर्धन गर्न ।

## ३ ३.आधारभूत स्वास्थ्य सेवाबाट अपेक्षित प्रतिफलहरु

आधारभूत स्वास्थ्य सेवा प्याकेजको कार्यान्वयनबाट निम्न लिखित नतिजाहरुको हासिल हुने अपेक्षा गरिएको छ :

१. आम नागरिकका आधारभूत स्वास्थ्य आवश्यकता एवं समस्याहरू संबोधित भइ र नागरिकको स्वास्थ्य स्थितिमा सुधार हुने ।
२. सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुको गुणस्तरमा बृद्दि हुने र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति हुने ।
३. जोखिममा रहेका (vulnerable) तथा सेवाबाट बंचित जनसमूहहरुमा स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि हुने ।
४. बिरामीको सुरक्ष (Patient Safety) स्थिति थप सुदृढ हुने ।

## ३.४ आधारभूत स्वास्थ्य सेवा प्याकेजमा सेवाहरु समावेशका मुख्य आधारहरु

जनताका स्वास्थ्य समस्याहरू धेरै छन र सवै समस्याहरूको सम्बोधन गर्न लाग्ने श्रोत र सार्मथ्यले नै मुलतः वर्तमानमा के कती समस्याहरू सम्बोधन गर्न सकिन्छ भन्ने कुरा निरूपण गर्दछ । अतःआधारभूत स्वास्थ्य सेवा प्याकेजमा कुन कुन सेवाहरू राख्नु वाञ्छनिय हुन्छ भनि निधो गर्ने कार्य संवेदनशील एवं अपरिहार्य छ । विश्व बैंकले यस प्रकारको प्राथमकीकरणका लागि रोगको भार, लागत प्रभावकारिता र लगानी गर्ने क्षमता बापतको लगानी लाई मुख्य आधार

बनाउन सुझाएको छ । यसै अनुरूप आधारभूत स्वास्थ्य सेवा वितरण गर्ने तत्परता लगायतका निम्न उल्लेखित मापदण्डमा आधारित भइ सेवाहरूको छनोट गरिएको छ ।




**चित्र ३ :** आधारभूत स्वास्थ्य सेवाका प्रमुख आधार

- के यो स्वास्थ्य समस्या देशभरी विद्यमान छ?
- के यो स्वास्थ्य समस्याको निम्ति उपलब्ध सेवामा लगानी छ/ गर्न सकिन्छ?
- के यो सेवा प्रदान गर्न स्वास्थ्य संस्था, पूर्वाधार तथा सेवा प्रदान गर्ने जनशक्ति उपलब्ध छन्?
- के यो सेवाको निम्ति आवश्यक सुविधाहरु, उपकरण, प्रोटोकलहरु,औषधीहरु तथा प्रयोगशाला उपलब्ध छन्?

यस आधारभूत स्वास्थ्य सेवा प्याकेजको विकासको क्रममा प्रत्येक सेवालाई उपरोक्त मापदण्डबाट दृष्टिकोण गरिएको मुल्यांकनको उदाहरण (schema) यहाँ प्रस्तुत गरिएको छ। यो प्याकेज एउटा गतिशील सूची हो जसलाई समयानुकुल परिमार्जन गर्न सकिने तथ्यलाइ समेत मध्येनजर गरि सेवाको सुचीमा बढोत्तरी गर्नु भन्दा यसको उपलब्धता सुनिश्चित गर्ने अभिप्रायले तयार पारिएको छ ।

| | **प्राथमिकताको पुष्टी** (के यो स्वास्थ्य समस्या मुलुकभरी बिध्यमान छ, वा ठुलो जनस्वास्थ्य समस्या हो?) | **सेवामा लगानी** (के यस थप सेवाको लागि आवश्यक लगानीको उपलब्धता वा संभावना छ?) | **सेवाको उपलब्धता** (के यो सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्था पूर्वाधार तथा प्रमुख सेवा प्रदायक उपलब्ध छन्? | **सेवाको तत्परता** (के यो सेवा प्रदान गर्नको लागि आवश्यक उपकरण, प्रोटोकल, औषधी, प्रयोगशाला उपलब्ध छन्?) | **आधारभूत स्वास्थ्य सेवामा राख्न सकिन्छ?** |
|---|---|---|---|---|---|
| खोप | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| औलो ज्वरो | X | ✓ | ✓ | ✓ | इन्डेमिक क्षेत्रमा मात्र |
| उच्च रक्तचाप | ✓ | ✓/ X | ✓ | ✓/ X | ✓ |
| क्यान्सर रोगको उपचार | ✓ | X | X | X | X |

**३.५ आधारभूत स्वास्थ्य सेवा विकास गर्दा गरिएका केहि अनुमानहरु वा मान्यताहरु (Assumptions)**

यस प्याकेजको विकास गर्दा निम्न उल्लेखित केहि अनुमानहरु (Assumptions) गरिएका छन्:

१. सेवा प्रदान गर्न आवश्यक आधारभूत संरचना तथा मानव संशाधनको उपलब्धता विद्यमान छ र केहि थप सेवाहरूका लागि छोटो अवधिका तालिम तथा अभिमुखिकरण प्रदान गरी तत्काल सेवा प्रवाह गर्न सकिन्छ ।

२. संबैधानिक मर्म र स्वास्थ्य नीति २०७१ को भावनामा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुमा चिकित्सक तथा अन्य दक्ष्य जनशक्ति सहितको सेवा बिस्तार हुँदै जानेछ ।

३. आयुर्वेद लगायत बैकल्पिक बिधाबाट समेटिएका सेवाहरु प्रदान गर्न उपलब्ध जनशक्तिलाई सीप हस्तान्तरण गरी सेवा प्रदान गर्ने तथा दीर्घकालमा सम्बन्धित विधाको जनशक्तिका साथै सेवा प्रकारमा वृद्धि भएको हुनेछ।

४. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न उल्लेखित प्रयोगशाला सेवाहरु उपलब्ध हुनेछन् ।

५. आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका आकस्मिक तथा सुत्केरी सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु तत्पर हुनेछन् ।

६. आवश्यक औषधि, खोप तथा उपकरणको आपूर्ति/खरीद, भण्डारण (procurement, supply chain, storage) आदि को गुणस्तरीय ब्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

७. समुदाय तथा स्वास्थ्य संस्थालाई जोड्ने महिला स्वास्थ्य स्वयंसेविका कार्यकर्ता जस्ता महत्वपुर्ण कार्यक्रम यथावत् संचालन भएका हुनेछन ।

८. आधारभूत स्वास्थ्य सेवा प्याकेज संचालन गर्न प्रत्येक स्थानिय तहमा आधारभूत ब्यवस्थापकीय संरचना भएको हुनेछ र यिनीहरूले आफ्नो कार्यान्वयन योजना (operational/implementation plans) बनाउने छन् ।

### ३.६ आधारभूत स्वास्थ्य सेवा बिकास प्रक्रिया

आधारभूत स्वास्थ्य सेवा प्याकेज विकाससंग विभिन्न क्रियाकलाप तथा पृष्ठभूमि जोडिएका छन् । अन्तरिम संविधान २०६३ अनुरूप प्रत्येक नागरिकलाई कानुनमा ब्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा पाउने हक हुने उल्लेख भए पश्चात देखि नै स्वास्थ्य तथा जनसंख्या मंत्रालयले यसको ब्याख्या एवं विस्तृतीकरण गर्ने कार्यको थालनि गरेको हो । विषयको विशिष्टिकरणका कारण अन्य क्षेत्रमा जस्तो यसको परिभाषा गर्न सहज भने थिएन । यि खंडिकृत प्रयासहरूलाई नेपाल स्वास्थ्य क्षेत्र रणनीति तयार गर्ने क्रममा विभिन्न स्वास्थ्य सरोकारवाला हरू सँगको चरण वद्ध छलफल बाट परिष्कृत गर्दै अन्तिम रूप प्रदान गरिएको थियो । सोही अवधिमा यसै कार्यमा तत्कालिन पाँचै विकास क्षेत्रहरूमा स्वास्थ्य सरोकारवालाहरूसँग घनिभूत छलफल गरि आधारभूत स्वास्थ्य को प्याकेजको मस्यौदा विकास भएको पाइन्छ । यो प्रकृयामा संविधान अनुरूपमा स्थानिय र प्रदेश सरकारको गठन नभइसकेकोले राजनैतिक स्तरमा यसको छलफल नभएको तथ्यलाइ आत्मसाथ गरि पुन एक पटक यसको द्रुत छलफल गरि यसको परिमार्जन गर्न स्वास्थ्य तथा जनसंख्या मंत्रालयले निर्देशमा प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले बि.स २०७५ मा विभिन्न चरणमा छलफल कार्यक्रमहरु गरी यस प्याकेजको अन्तिम मस्यौदा निर्माण तयार गरेको हो ।

पहिलो चरणमा मन्त्रालय तथा बिभाग स्तरमा कार्यरत प्रमुख स्वास्थ्य व्यवस्थापकहरुसंग कार्यशाला गोष्ठीमा प्याकेजको समिक्षा एवं परिमार्जन गरिएको थियो । दोश्रो चरणमा पुर्व-निर्देशक, बिज्ञ तथा परिषद का प्रतिनिधिहरु र अस्पतालका प्रमुखहरुसंग, तेश्रो चरणमा महाशाखा तथा केन्द्रका प्रमुख हरूसंग र चौथो चरणमा सातै प्रदेशका स्वास्थ्य संयोजक एवं स्थानिय तहका जनप्रतिनिधिहरू सँग प्याकेजमा छलफल तथा परामर्श गरि परिमार्जन गर्ने कार्य गरिएको हो । यसरी प्राप्त मस्यौदा उपर पुन विभागीय प्रमुख तथा प्रतिनिधिहरुसंग छलफल गरिएको थियो । साथै केन्द्र स्तरमा भएका बिश्व स्वास्थ्य संगठन लगायतका साझेदार संस्था तथा अन्य गैर-सरकारी संस्थाका स्वास्थ्य-सरोकारवालाहरुसंग छलफल गरी प्राप्त सुझावहरू, मन्त्रालय स्तरमा श्रीमान सचिवज्युको अध्यक्ष्यतामा भएको बृहत छलफलको निचोड तथा मिति २०७५- ३-२५ मा माननीय उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्रीज्युबाट प्राप्त निर्देशनहरु समेटी यो अन्तिम मस्यौदा तयार गरिएको हो ।

यस दस्तावेजको विकासको क्रममा गरिएका गोष्ठी लगायतका मितिहरुलाई अनुसूची १ मा प्रस्तुत कार्य तालिकामा संलग्न गरिएको छ । मिति २०७५ साल आस्विन २ गते बाट जनस्वास्थ्य सेवा ऐन लागु भएकोले सो को भावना र प्रावधानको कार्यन्वयनको लागि यो आधारभूत स्वास्थ्य सेवा २०७५ तयार गरिएको छ। यो आधारभूत स्वास्थ्य सेवा २०७५ ले स्थानीय सरकार सन्चालन ऐन २०७५ को स्वास्थ्य सम्बन्धी व्यवस्थाहरुलाई कार्यान्यिनमा ल्याउन समेत सहजीकरण गर्नेछ।

### ४.आधारभुत स्वास्थ्य सेवा प्याकेजले समेटेका विषयक्षेत्र तथा सेवाहरु

यस प्याकेजमा समावेश गरिएका स्वास्थ्य सेवाहरु देशब्यापी रुपमा उपलब्ध हुनै पर्ने आवश्यक स्वास्थ्य सेवाहरुको सूची हो । स्थानिय स्वास्थ्य आवश्यकता र सेवा प्रवाह गर्ने श्रोतको उपलब्धता एवं क्षमतालाई दृष्टिकोण गरी स्थानीय तहका सरकारले यसमा सेवाहरू थप गरि संचालन गर्न सक्नेछन । यसरी थप गरीएका सेवाहरू प्रवाह गर्न आवश्यक वजेटको सुनिश्चितता गर्ने दायीत्व स्थानिय सरकारकै हुनेछ ।

### ४ १.आधारभूत स्वास्थ्य सेवा प्याकेजमा समावेश गरिएका विषयक्षेत्र

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ अनुसार प्रत्येक नागरिक लाई देहाय शिर्सक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत सेवाहरु निशुल्क प्राप्त हुने हक हुनेछ .

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग ब्यबस्थापन, पोषण सेवन, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरूवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्र सूचना जारी गरि तोकेका अन्य सेवा ।

## ४.२ आधारभूत स्वास्थ्य सेवा प्याकेजमा नसमेटिएका तर निशुल्क उपलब्ध गराइदै आएका मुख्य- मुख्य सेवाहरु

उपरोक्त मापदण्डबाट दृष्टिकोण गरी आधारभूत स्वास्थ्य सेवाको प्याकेजमा राख्ने वा नराख्ने निर्णय गर्दा हाल निशुल्कै उपलब्ध भइरहेका विभिन्न स्वास्थ्य सेवाहरु, अन्य बिशेष सेवाहरु, वा सेवाको रुपमा स्थापित भइनसकेका विभिन्न सेवाहरु यस प्याकेजमा परेका छैनन् । संघिय, प्रादेशिक एवं स्थानिय स्वास्थ्य कार्यक्रम मार्फत संचालन गर्न सहजिकरण होस भन्ने अभिप्रायले यस्ता सेवाहरुको बारेमा बिस्तृत बिवरण तल दिइएको छ ।

१. केहि सरुवा रोगहरु जन-स्वास्थ्यको हिसाबले महत्वपूर्ण तथा तिनको निदान र उपचार सेवा हाल निः शुल्क प्रदान गरिएको भएता पनि देशको सबै भु भागमा यी समस्या ब्याप्त नभएका कारणले वा सेवा प्रदान कार्य प्राविधिक रुपमा असहज हुने भएकोले यस आधारभूत स्वास्थ्य सेवाको प्याकेजमा समाबेश गरिएका छैनन् । उदाहरणहरु लागि : ए. आर. टी (Anti-retroviral therapy); एम.डी.आर/एक्स. डी. आर (MDR/XDR) क्षयरोगको निदान र उपचार; कुष्ठरोगको लागि पुनर्स्थापन; चिकगुनिया, स्क्रब टाईफस (scrub typhus), लिप्टोस्पाएरोसिस (lepto-spirosis), संक्रमण हेपाटाइटिस (infective hepatitis), रयूमटिक हृदय रोग (rheumatic heart disease), आदि ।

२. अभियानका रुपमा संचालन हुने कार्यक्रमहरु, बिशेष रोगहरुलाई लक्षित गरी संचालित बिशेष सेवाहरु (targeted diseases), क्यान्सर आदिमा पाइने निर्वाह भत्ता, मृगौला प्रत्यारोपणको लागि दिइने आर्थिक सहयोग, यातायात खर्च सोधभर्ना (टिवी, कुष्टरोग, कालाजार, सुत्केरी) यस प्याकेजमा समाबेश छैनन् ।

३. जन-स्वास्थ्य तथा सामाजिक दुवै दृष्टिकोणले महत्वपूर्ण, तर अहिलेको अवस्थामा पर्याप्त स्रोत साथै सेवा प्रदान गर्ने दक्ष जनशक्तिको अभावले गर्दा विभिन्न सेवाहरु आधारभूत स्वास्थ्य सेवाको प्याकेजमा समावेश गरिएको छैन । जस्तै: सिजरियन सेक्सन (caesarian section), शारारिक, मानसिक तथा बौद्धिक अशक्तता; जेष्ठ नागरिकलाई हिड्न मद्धत गर्ने छडी, चश्मा, सुन्नेयन्त्र; पुरुष प्रजनन सेवा (बेनाईन प्रोस्टेट हाईपरप्लेजिया अर्थात् Benign prostate hyperplasia), फिमोसिस (phimosis), पारा- फिमोसिस (para-phimosis); महिला हिंसाका साथै बाल-शोषण सम्बन्धी सेवा, आदि ।

४. शत प्रतिशत स्वास्थ्य संस्थागत प्रसुति सुनिश्स्चित नभएसम्म सुरक्षित प्रसुती किट महत्वपुर्ण भएता पनि यसलाई आधारभूत स्वस्थ्य सेवामा सामावेश गरिएको छैन ।

५. पुनःस्थापनात्मक स्वास्थ्य सेवाहरू महत्वपुर्ण हुँदा हुँदै पनि त्यस्ता सेवाको जटिलता तथा त्यसमा आबश्यक लगानी अत्याधिक हुने हुँदा केहि मात्र पुर्स्थापनात्मक स्वास्थ्य सेवाहरूलाई आधारभूत स्वास्थ्य सेवाको प्याकेजमा समावेस गरिएका छन् ।

६. राज्यले निकट भविष्यमा प्रदान गर्न लागेका वा सोको निम्ति छलफल वा पहल गरिरहेका, तर संचालनमा भने आइनसकेका, वा सीमित क्षेत्रमा सीमित समयका लागि मात्र शुरु भएका विभिन्न सेवाहरु यस प्याकेजमा समावेस

भएका छैनन् । जस्तै: बालबालिकालाई रोटा भाइरस बिरुद्ध खोप, सम्पूर्ण नवशिशुलाई भिटामिन के (vitamin k) सुई, गर्भवती तथा सुत्केरीका लागि क्याल्सियम चक्की, अविवाहित किशोरीहरुका लागि ह्युमन प्यापिलोमा भाइरस बिरुद्धको खोप (Human papilloma virus), Anti-D vaccine, आदि ।

७. चालु अनुसन्धानहरुले महत्वपुर्ण एवं आवश्यक सेवाको रुपमा सिफारिस गर्न सक्ने तर हालसम्म कुनै पनि स्वास्थ्य कार्यक्रममा आइनसकेका तथा कार्यक्रममा आउने प्रक्रियामा पनि स्वाभाविक समय लाग्ने सेवाहरु यस प्याकेजमा समावेस भएका छैनन् । जस्तै: भिटामिन बी १२ (vitamin B 12) आदि ।

## २. आधारभुत स्वास्थ्य सेवा प्याकेज : वित्तिय व्यवस्थापन, कार्यान्यन तथा सुपरिवेक्षण

नेपालको आधारभूत स्वास्थ्य सेवालाई संविधानको मर्म एवं नागरिकको अभिलाषाबाट बास्तबिकतामा रुपान्तरण गर्न राज्य एवं अन्य साझेदारहरुले यसमा बिशेष चासो, जागरुकता एवं लगानी गर्न आवश्यक हुन्छ । यस सन्दर्भमा, तल चित्र ४ मा दर्शाइएको अवधारणात्मक ढांचा (conceptual framework) ले यसमा आवश्यक विभिन्न लगानी (inputs) र त्यसबाट हुने आधारभूत स्वास्थ्य सेवा वितरणको प्रक्रियामा टेवा तथा अन्ततः नेपाली नागरिकको स्वास्थ्यमा हुने अनुकुल असरलाई प्रष्ट पार्दछ ।




चित्र ४ : आधारभूत स्वास्थ्य सेवा अवधारणात्मक ढांचा (विश्व स्वास्थ्य संगठनको बिल्डिंग ब्लक नमुनामा आधारित)

## ५ .१ वित्तिय व्यवस्थापन

आधारभूत स्वास्थ्य कार्यान्वयन स्थानीय सरकारको कार्यक्षेत्रमा परे पनि संघीय सरकारले यसमा आर्थिक श्रोत परिचालन गर्नेछ । साथै, आधारभूत स्वास्थ्य सेवाले नसमेटेका तर महत्वपूर्ण रहेका बिषयहरुलाई स्थानीय तथा प्रादेशिक सरकारले थप कार्यक्रमको रुपमा निशुल्क उपलब्ध गराउने छन् । यस सिलसिलामा, सर्वप्रथम आधारभूत स्वास्थ्य सेवाको लागतको लेखाजोखा गरिनेछ र त्यसको आधारमा संघिय सरकारले त्यसको लागि आवश्यक श्रोत जुटाउनेछ । श्रोत जुटाउन संघिय सरकारले आफ्नो आन्तरिक श्रोत, ऋण सहयोग, तथा दातृ निकायको सहयोग समेत परिचालन गर्नेछ । यस आधारभूत स्वास्थ्य सेवा प्याकेज बाहेकका थप सेवाहरु स्थानीय सरकारले राख्न पाउने अधिकार भए अनुरुप ती थप सेवाको निम्ति आवश्यक श्रोत तथा लगानी स्थानीय तथा प्रदेश सरकारले जुटाउने छन् ।

आधारभूत स्वास्थ्य सेवा मात्रले जनताको सम्पूर्ण स्वास्थ्य आवश्यकता पूर्ति नहुने हुँदा निशुल्क लगायत स्वास्थ्य बिमा कार्यक्रमका माध्यमबाट स्वास्थ्य समस्या सम्बोधन गरिनेछ भने केहीका लागि  आम नागरिकले स्वयम् खर्च गरेर समेत स्वास्थ्य सेवा लिनेछन् (चित्र ५) ।




**चित्र ५ :** आधारभूत स्वास्थ्य सेवा तथा राज्यबाट हुने स्वास्थ्य सेवामा अन्य लगानी

## ५.२ आधारभूत स्वास्थ्य सेवा प्याकेज कार्यान्वियन

यो प्याकेजको कार्यन्वयन स्थानीय तहबाट हुनेछ। यस सेवा प्रदान गरे बापत सेवाग्राहीसित कुनै शुल्क लिन पाइने छैन। साथै, यी आधारभूत स्वास्थ्य सेवा देशको कुनै पनि भूभागमा प्राप्त गर्न पाउने आफ्नो अधिकारबाट कुनै पनि नेपाली नागरिक बन्चित हुने छैन। आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय सरकारले आवश्यक्ता अनुसार आफ्नै स्वास्थ्य संरचनाको विकास एवं विस्तार गर्नुका साथै स्थानीय भुगोलमा रहेका प्रादेशिक तथा संघीय स्वास्थ्य सेवा प्रदायक संस्था/अस्पतालहरु र अन्य निजी लगायतका स्वास्थ्य संस्थाहरुसंगको साझेदारी एवं सहकार्यमा प्रदान गर्नेछन्।

आधारभूत स्वास्थ्य सेवा प्याकेज आम नागरिकले विभिन्न तहका स्वास्थ्य संस्थाहरु मार्फत प्राप्त गर्न सक्ने छन् :

१. स्वास्थ्य चौकी: आधारभूत स्वास्थ्य सेवा प्याकेज मुलत स्वास्थ्य चौकीहरुबाट प्रदान गरिनेछ। साथै, यसमा समावेश केही सेवाहरु स्वास्थ्य चौकीहरु अन्तर्गतका गाउँघर क्लिनिक तथा खोप क्लिनिक एवं बिद्यालयहरुबाट पनि प्राप्त हुनेछन्।

२. प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक तहका अस्पतालबाट आधारभूत स्वास्थ्य सेवा प्याकेज प्राप्त हुनेछ।

३. माथिल्लो तहका अस्पतालहरुमा छुट्टै एकाइ (Annex) स्थापना गरी वा स्थानीय स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने जिम्मेवारी सम्वन्धित स्थानिय तहको हुनेछ।

४. बिशेषज्ञ अस्पतालहरु (specialized hospitals): यी अस्पतालहरुले आफ्नो बिशेषज्ञता अनुसारको आधारभूत स्वास्थ्य सेवा (जस्तै: बाल अस्पतालले शिशुसित सम्बन्धित आधारभूत स्वास्थ्य सेवा) तथा आधारभूत स्वास्थ्य सेवा प्याकेजको अन्तर्गतका आकस्मिक सेवा प्रदान गर्नेछन्।

५. सार्बजनिक बाहेकका अन्य प्रकारका स्वास्थ्य संस्थाहरुले स्थानीय सरकारसंगको रणनैतिक साझेदारीमा आधारभूत स्वास्थ्य सेवाहरु निशुल्क प्रदान गर्नेछन्।

## ५.३ आधारभुत स्वास्थ्य प्याकेजका सेवाहरु:

यस प्याकेजमा समावेश गरिएका स्वास्थ्य सेवाहरु देशब्यापी रुपमा उपलब्ध हुनै पर्ने आवश्यक स्वास्थ्य सेवाहरुको सूची हो। स्थानिय स्वास्थ्य आवश्यकता र सेवा प्रवाह गर्ने श्रोतको उपलब्धता एवं क्षमतालाई दृष्टिकोण गरी स्थानीय तहका सरकारले यसमा सेवाहरू थप गरि संचालन गर्न सक्नेछन। यसरी थप गरीएका सेवाहरू प्रवाह गर्न आवश्यक वजेटको सुनिश्चितता गर्ने दायीत्व स्थानिय सरकारकै हुनेछ।

१. प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवा (Preventive and promotive health services)

**क. खोप सेवाहरु**

| स्वास्थ्य विषयक्षेत्र | सेवाहरु | स्वास्थ्य चौकी वा सो सरह | प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पताल सरह | प्राथमिक अस्पताल भन्दा माथिल्लो तहका अस्पतालहरु |
|---|---|---|---|---|
| खोपसेवा | **राष्ट्रिय खोप कार्यक्रम समावेश खोपहरु**<br>**बालबालिकाः** बि.सि.जि (BCG vaccine); ओरल पोलियो थोपा (Oral polio vaccine); इन्जेक्टेबल पोलियो (Injectable polio vaccine); निमोकोकल (Pneumococcal vaccine); पेन्टाभ्यालेन्ट (Pentavalent): डिपिटी (DPT), एच. आइ. बि (HiB), हेपाटाइटीस (Hepatitis B vaccine); दादुरा– रुबेला (Measles Rubella vaccine), जापनिज इन्सेफलाइटिस (Japanese encephalitis vaccine) | ✓ | ✓ | ✓ |
| | गर्भवती महिला तथा प्रजनन उमेरका महिला: धनुषटंकार तथा भ्यागुते रोग विरुद्ध खोप (Tetanus and diphtheria/Td vaccine) | ✓ | ✓ | ✓ |

## ख. मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाहरु

### ख. १ नवजात शिशु तथा बालरोग व्यवस्थापन

| स्वास्थ्य बिषयक्षेत्र | सेवाहरु | स्वास्थ्य चौकी वा सो सरह | प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पताल सरह | प्राथमिक अस्पतालभन्दा माथिल्लो तहका अस्पतालहरु |
|---|---|---|---|---|
| नवजात शिशु तथा बालरोग व्यवस्थापन Management of Neonatal and child-hood illness | नवजात शिशुअवस्था (२ महिना भित्रका शिशु):अत्वाश्यक नवजात शिशुको स्याहार, संक्रमणको व्यवस्थापन (Management of neonatal sepsis), निस्साएका नवजात शिशु (Birth asphyxia), शीतांग (hypo-thermia), कमलपित्त (jaundice), कम जन्मतौल (Low birth weight), समय नपुगी बच्चा जन्मिनु (Premature baby), स्तनपान तथा खुवाउने समस्या (Feeding Problems), नाभी स्याहार (Cord care) , hypocalcemia, hypoglycemia, काम ज्वरो ( Seizure), PMTCT, Fluid Management | ✓* | ✓* | ✓ |
| | नवजात शिशुअवस्था पश्चात (२ महिनादेखि ५ बर्ष सम्मका शिशु):<br>निमोनिया र अन्य श्वास प्रश्वास सम्बन्धि रोगको व्यवस्थापन (Management of pneumonia and other respiratory problems), माथिल्लो श्वास नलीको संक्रमण (Upper respiratory tract in-fection, wheeze, bronchitis, bhron-chilolitis, bhonchial asthma, stridor, chronic cough), औलो, झाडापखाला, दादुरा, कुपोषण, कानको संक्रमणको व्यवस्थापन र साथै आवश्यक परेको खण्डमा एन्टिबायोटिक सुइ, ज्वरो निमोनिया, औलो, कालाजार, डेंगु, क्षय रोग, एच आइ भी/ एड्स, झाडापखाला, दादुरा, कुपोषण, | ✓* | ✓* | ✓ |

| स्वास्थ्य बिषयक्षेत्र | सेवाहरु | स्वास्थ्य चौकी वा सो सरह | प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पताल सरह | प्राथमिक अस्पतालभन्दा माथिल्लो तहका अस्पतालहरु |
|---|---|---|---|---|
| | कानको संक्रमणको व्यवस्थापन र साथै आवश्यक परेको खण्डमा एन्टिबायोटिक सुइ | | | |

*नवशिशु तथा बालरोग व्यवस्थापन मात्र

### ख. २ पोषण सेवाहरु

| स्वास्थ्य बिषयक्षेत्र | सेवाहरु | स्वास्थ्य चौकी वा सो सरह | प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पताल सरह | प्राथमिक अस्पतालभन्दा माथिल्लो तहका अस्पतालहरु |
|---|---|---|---|---|
